# समृद्धि फाइनान्स कम्पनी लिमिटेडको
# बिसौं वार्षिक साधारण-सभाको निर्णय (माइन्यूट) पुस्तिका

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको २० औं वार्षिक साधारण-सभा सञ्चालक समितिका अध्यक्ष श्री विनोद कुमार सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१. सभाको मिति, समय र स्थान :**

मिति : २०७८ पौष ३० गते, शुक्रवार (तद्नुसार २०२२ जनवरी १४ तारिख)
समय : विहान १० :०० बजे
स्थान : होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुर ।

**२.सभाको सूचना प्रकाशन**

क) यस फाइनान्स कम्पनीको मिति २०७८/०९/०८ मा बसेको सञ्चालक समितिको ४३९ औं बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४ (१)(क) मा भएको व्यवस्था अनुसार संस्थाको आ.व. २०७७/०७८ को २० औं वार्षिक साधारण-सभा मिति २०७८/०९/३० गते होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुरमा विहान १०:०० बजे बस्ने भनी कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था बमोजिम मिति २०७८/०९/०९ गते र २०७८/०९/२३ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु समेत समावेश गरी सूचना प्रकाशन गरिएको ।

(ख) बिसौं वार्षिक साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, अनुसूचीहरु लगायतको पुस्तिका कम्पनीको वेभसाइटमा राखिएको तथा सवै शाखाहरु तथा प्रधान कार्यालयबाट संकलन गर्न सकिने व्यवस्था समेत गरिएको ।

(ग) यस फाइनान्सको २०औं वार्षिक साधारण-सभामा कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र शेयर रजिष्ट्रार बि. ओ. के. क्यापिटल मार्केट लिमिटेड बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थितिंको लागि अनुरोध गरी पत्राचार गरिएको ।

**३ सभामा उपस्थिति :**

**क.** साधारण सभामा सञ्चालकज्यूहरुको उपस्थिति निम्न बमोजिम रहेको थियो ।

| | |
|---|---|
| १. श्री विनोद कुमार सुवेदी | अध्यक्ष |
| २. श्री शिब लाल पुरी | सञ्चालक |
| ३. श्री कुमार श्रेष्ठ | सञ्चालक (स्वतन्त्र) |
| ४. श्री दिपक अधिकारी | सञ्चालक |
| ५. श्री गुप्त बहादुर राना | सञ्चालक |
| ६. श्री सुजन अधिकारी (नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लिको प्रतिनिधि) | सञ्चालक |

**ख. शेयरधनीज्यूको उपस्थिति**

| | |
|---|---|
| १. श्रीमति नीरा गोर्खाली | संस्थापक शेयरधनी |
| २. श्री विजय सागर श्रेष्ठ | संस्थापक शेयरधनी |
| ३. श्री मधुसुधन कंसाकार | संस्थापक शेयरधनी |

Samriddhi Finance

४. श्री विरेन्द्र प्रसाद ढुङ्गाना — संस्थापक शेयरधनी
५. श्रीमति विरङ्गना महर्जन — संस्थापक शेयरधनी
६. श्री राम प्रसाद दाहाल — सर्वसाधारण शेयरधनी
७. श्री ऋशि प्रसाद प्रधान — सर्वसाधारण शेयरधनी
८. श्री रञ्जित कुमार पोखरेल — सर्वसाधारण शेयरधनी
९. श्री गणेश कुमार श्रेष्ठ — सर्वसाधारण शेयरधनी
१०. श्री ठाकुर प्रसाद भट्टराई
(स्वाबलम्बी इनभेष्टमेन्ट प्रा.लि.को तर्फबाट प्रतिनिधि) संस्थापक शेयरधनी

**ग. पदाधिकारीहरुको उपस्थिति**

१. श्री टिका निधी लोहनी — प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव
२. श्री विनोद राज पौडेल — मुख्य व्यवस्थापक
३. श्री रमेश घिमिरे — प्रमुख वित्त अधिकृत

**ग. पर्यवेक्षक प्रतिनिधिको तथा आमन्त्रितको उपस्थिति**

कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र बि. ओ. के. क्यापिटल मार्केट लिमिटेडबाट बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थिति नरहेको ।

**घ. शेयरधनीहरुको उपस्थिति**

| विवरण | कुल संख्या | उपस्थिति | | | कुल जम्मा | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| | | स्वयम् उपस्थित | भर्चुअल (Zoom) माध्यमबाट उपस्थित | प्रतिनिधि (प्रोक्सि द्धारा उपस्थित) | | |
| शेयरधनीहरुको संख्या | ९४१७ | १५ | १ | ६८ | ८४ | ५६.१ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ५४,५९,४०९ | २,४७,५५९ | ७,५०० | २८,०७,३१४ | ३०,६२,३७३ | |

**४. साधारण सभाको वैधानिकताको जानकारी स्वागत र उद्घाटन**

कम्पनी ऐन, २०६३ को दफा ६९ मा उल्लेख भएबमोजिम सभाको वैधानिकता परीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) एवम् संस्थाको नियमावलीको नियम ५ मा भएको व्यवस्था बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई साधारण सभाको कारवाही हुने छैन भन्ने व्यवस्था भएकोमा उपरोक्त बमोजिमको शेयरधनीहरुको उपस्थिति देखिएको हुँदा सभा पूर्ण वैधानिक भई सभाको काम कारवाही अघि बढाउन मुनासिव रहेको भनि कम्पनी सचिवले वैठकलाई जानकारी गराउनु भयो । कम्पनी सचिवले दिनु भएको

Samriddhi Finance

सुचनालाई वैठकले स्विकृत गऱ्यो। सभाध्यक्षका रुपमा संचालक समितिका अध्यक्ष श्री विनोद कुमार सुवेदीले २० औं साधारण सभाको सभापतिको आसन ग्रहण गर्नुभयो । त्यसैगरी सबै संचालकज्यूहरुले पनि आसन ग्रहण पश्चात प्रमुख कार्यकारी अधिकृतले साधारण सभामा उपस्थित सबै महानुभावहरुलाई सभामा स्वागत गर्नुभयो । ततपश्चात पानसमा वत्ति बालेर २० औं वार्षिक सभाको उद्घाटन संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री विनोद कुमार सुवेदीज्यूले गर्नुभयो ।

**५. अध्यक्षद्धारा सञ्चालक समितिको प्रतिवेदनसहित साधारण सभाका एजेण्डाहरु प्रस्तुत :**
सञ्चालक समितिका अध्यक्ष विनोद कुमार सुवेदीले मन्तव्यसहित सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो । साथै, अध्यक्षले आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन लगायत २० औं वार्षिक साधारण सभाका एजेण्डाहरु बैठकमा प्रस्तुत गर्न कम्पनी सचिवलाई अनुमति दिनुभयो । सोही अनुसार साधारण सभामा प्रस्तुत एजेण्डाहरुको बारेमा कम्पनी सचिवले साधारण सभालाई बिस्तारमा जानकारी गराउनुभयो ।

**(क) सामान्य प्रस्तावहरू :-**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम संस्थापक समुह तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण समुह तर्फबाट २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।

५. विविध ।

**(ख) विशेष प्रस्तावहरू :-**

१. संस्थाको स्विकृत प्रबन्ध-पत्रको दफा २ को उपदफा (१) र (२) मा संशोधन गर्ने ।

२. संस्थाको स्विकृत नियमावलीको नियम २ को उपनियम (१) र (२) संशोधन गर्ने ।

३. संस्थाको नियमावली को नियम २९ को उपनियम १ को घ (१) संशोधन गर्ने ।

४. संस्थाको आवश्यकता बमोजिम सहायक कम्पनी (Subsidiary Company) स्थापना गर्ने वा सहायक कम्पनीमा लगानी गर्ने र सो क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक,

Samriddhi Finance

कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट आवश्यक सम्पुर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

६. प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. विविध ।

**६. छलफलका लागि आव्हान**

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ६ मा उल्लेख भए अनुरुप अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

**७. सभामा व्यक्त भएका धारणा र सुझावको प्रस्तुतिकरण**

सभामा सहभागी शेयरधनी महानुभावहरुले अध्यक्षले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदनको बारेमा केहि विचार तथा जिज्ञासा राख्नुभयो । संस्थाको द्रुततर प्रगतीको चाहना शेयरधनी महानुभावहरुवाट व्यक्त भयो । संचालक समितिका अध्यक्षज्यूले उक्त विचार तथा जिज्ञासालाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

**<u>८. सभाको प्रस्ताव तथा निर्णयहरु :</u>**

**(क) सामान्य प्रस्तावहरु तथा निर्णयहरु :**

**प्रस्ताव नं. १.** सञ्चालक समितिको तर्फबाट प्रस्तुत भएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

**निर्णय :** प्रस्ताव नं. १ अनुसार कम्पनीका अध्यक्ष श्री विनोद कुमार सुवेदीज्यूले कम्पनीको गतिविधि र भावी योजना समेत समेटेर सभामा प्रस्तुत गर्नुभएको संस्थाको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन सभामा पेश हुँदा शेयरधनीहरुले राख्नुभएको जिज्ञाशाको कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी

Samriddhi Finance

अधिकृतले जवाफ दिनुभए पश्चात् सो प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरी पारित गर्ने ।

**निर्णय :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७७/०७८ का लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोशिएटस् चार्टर्ड एकाउन्टेन्टस्ले दिनुभएको आ.व. २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन, उक्त आर्थिक वर्षको वासलात, सो अवधिको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु उपर छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ३.** लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**निर्णय :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि सोही ऐन को दफा १६५ (घ) बमोजिम श्री एच.डि.एस.डि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक वार्षिक रु २,२०,००० (अक्षरेपी रु. दुई लाख बिस हजार मात्र मूल्य अभिवृद्धि कर बाहेक) दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४.** संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम संस्थापक समुह तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण समुह तर्फबाट २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।

**निर्णय :** संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था बमोजिम संस्थापक समुह तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण समुह तर्फबाट २ (दुई) जना संचालकको निर्वाचन गर्ने भनि गरिएको कार्यक्रम अन्तर्गत संस्थाको "संचालक निर्वाचन सम्बन्धि निर्देशिका, २०७८" बमोजिम नियुक्त हुनुभएका निर्वाचन अधिकृतले प्रकाशन गरेको निर्वाचन कार्यक्रम बमोजिम निर्धारित समयमा दर्ता भएका, सवै योग्यता पुगेका उम्मेद्धारहरुको संख्या र निर्वाचन गर्नुपर्ने पद संख्या बरावर भएकाले साधारण सभाबाट तपशिल बमोजिमका संचालकहरु सर्वसम्मत रुपमा निर्वाचित हुनुभएको व्यहोरा निर्वाचन अधिकृत विद्धान अधिवक्ता श्री जयराम पराजुलीको अनुपस्थितिमा निजको तर्फवाट प्रमुख कार्यकारी अधिकृत श्री टिका निधि लोहनीले सभा समक्ष जानकारी गराउनुभयो । साधारण सभाले सो जानकारीलाई स्विकृत गर्यो ।

**तपशिल**

**संस्थापक समुहबाट निर्वाचित सञ्चालकहरु**

१. श्री दिपक अधिकारी

२. श्री गुप्त बहादुर राना

३. श्री सुजन अधिकारी (नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि. को प्रतिनिधि)

Samriddhi

४. श्री ठाकुर प्रसाद भट्टराई (स्वावलम्बी इनभेष्टमेन्ट प्रा.लि. को प्रतिनिधि)

**सर्वसाधारण समुहबाट निर्वाचित सञ्चालक**

१. श्री विनोद कुमार सुवेदी

२. श्री शिब लाल पुरी

**प्रस्ताव नं. ५. विविध ।**

**निर्णय :** छलफलका अन्य विषयहरु नभएकोले अध्यक्षज्यूले सामान्य प्रस्तावहरु पारित गरिदिनु भएकोमा साधारण सभाका सबै प्रतिनिधिहरुलाई धन्यवाद दिंदै विशेष प्रस्तावहरु उपर छलफल गर्न आग्रह गर्नुभयो ।

Samriddhi Finance

(ख) **विशेष प्रस्तावहरू तथा निर्णयहरु :**

**विशेष प्रस्ताव नं. (१)** संस्थाको स्विकृत प्रबन्ध-पत्रको दफा २ को उपदफा (१) र (२) मा संशोधन गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. १ मा छलफल गर्दा संलग्न तीनमहले बमोजिमको संस्थाको प्रबन्धपत्र -२०६५ को दफा २ को उपदफा (१) र (२) मा संसोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

| क.स. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | दफा २ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा रहने छ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा रहने छ । र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | दफा २ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं. २८ मा रहनेछ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८ मा रहने छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई नेपालभरि शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | राष्ट्रियस्तरको फाइनान्स कम्पनीले पुऱ्याउनुपर्ने पूँजी रु. ८० करोड पुऱ्याएपछी संघीय राजधानीमा केन्द्रिय कार्यालय राख्दा काम कारवाही, समन्वय तथा व्यवसाय विस्तारमा सहज हुने भएकाले । |

**विशेष प्रस्ताव नं. २.** संस्थाको स्विकृत नियमावलीको नियम २ को उपनियम (१) र (२) संशोधन गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. २ मा छलफल गर्दा संलग्न तीनमहले बमोजिमको संस्थाको नियमावली -२०६५ को नियम २ को उपनियम (१) र (२) मा संशोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

Samriddhi Finan

| क. स. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- | --- |
| १. | नियम २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा रहने छ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा रहने छ । र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | नियम २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं. २८ मा रहनेछ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८ मा रहने छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई नेपालभरि शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | राष्ट्रियस्तरको फाइनान्स कम्पनीले पुऱ्याउनुपर्ने पूँजी रु. ८० करोड पुऱ्याएपछी संघीय राजधानीमा केन्द्रिय कार्यालय राख्दा काम कारवाही, समन्वय तथा व्यवसाय विस्तारमा सहज हुने भएकाले । |

**विशेष प्रस्ताव नं. ३.** संस्थाको नियमावली को नियम २९ को उपनियम १ को घ (१) संशोधन गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. ३ मा छलफल गर्दा यस संस्थाको नियमावली - २०६५ को नियम २९ को उपनियम १ को घ (१) लाई संलग्न तीन महले बमोजिम हुने गरी संशोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

| क. स. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- | --- |
| १. | नियम २९ (१) (घ) (१) : सञ्चालक समितिको अध्यक्षलाई वार्षिक रुपमा सवारी ईन्धन तथा चालक सुविधा वापत रु. १२५,०००।००, मोवाइल टेलिफोन खर्च बापत मासिक रु. ३,०००।०० र पत्र पत्रिका खर्च बापत मासिक रु. १,०००।०० प्रदान गरिने छ । | नियम २९ (१) (घ) (१) : सञ्चालक समितिको अध्यक्षलाई मोवाइल टेलिफोन खर्च बापत मासिक रु. ३,०००।०० र पत्र पत्रिका खर्च बापत मासिक रु. १,०००।०० प्रदान गरिने छ । | हाल नियमावलीमा व्यवस्था भएको भएता पनि कार्यान्वयनमा नआएकोले इन्धन तथा चालक सुविधाको व्यवस्था संशोधन गर्नुपर्ने भएकाले । |

Samriddhi Finance

**विशेष प्रस्ताव नं. ४.** संस्थाको आवश्यकता बमोजिम सहायक कम्पनी (Subsidiary Company) स्थापना गर्ने वा सहायक कम्पनीमा लगानी गर्ने र सो क्रममा नियमनकारी निकायहरु ( नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट आवश्यक सम्पुर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. ४ मा छलफल गर्दा संस्थाको आवश्यकता बमोजिम सहायक कम्पनी (Subsidiary Company) स्थापना गर्ने वा सहायक कम्पनीमा लगानी गर्ने र सो क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट आवश्यक सम्पुर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**विशेष प्रस्ताव नं. ५.** यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. ५ मा छलफल गर्दा यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न स्वीकृती लिन वा अन्य कुनै पनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विशेष प्रस्ताव नं. ६.** प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. ६ उपर छलफल गर्दा संस्थाको प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यकीय सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

Samriddhi Finance

**विशेष प्रस्ताव नं. ७. विविध ।**

**निर्णय :** प्रस्ताव नं. ७ मा विविध शीर्षकमा कुनै विषय छलफलका लागि प्रस्तुत भएनन् ।

अन्त्यमा, यस बिसौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीको प्रगतिको लागि आफ्नो अमूल्य सुझावहरु व्यक्तगरी सभा सौहार्दपूर्ण वातावरणमा सफल गराई दिनु भएकोमा शेयरधनीमहानुभावहरु, सञ्चालकज्यूहरु, व्यवस्थापन एवम् कर्मचारी वर्ग तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद दिंदै सभापतिज्यूले सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

Samriddhi Finance

.............................
टिका निधि लोहनी
(प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव)

.............................
विनोद कुमार सुवेदी
(अध्यक्ष)